"कोशीको गौरव हिमालको सान, पर्यटन वर्षमा सबैलाई सम्मान "

# माई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सितली, इलाम

फोन: ०२७४१२२२२
वेबसाइट: maimun.gov.np
इमेल: mainagarpalika@gmail.com

कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च. नं.:

मिति : २०८२/०९/१८

ने.सं.११४६ पोहेलागा चतुर्दशी, शुक्रबार

## सरसफाईकर्मी करारमा सेवा लिने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८२/०९/१८)

माई नगरपालिकामा माई नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०८२ बमोजिम माई नगर अस्पतालमा कामकाज गर्ने गरी देहाय करार सेवा लिने (पदपूर्ती) गर्नुपर्ने भएकाले तपशिल बमोजिमको आवश्यक न्युनतम योग्यता पुगेका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ। तोकिएको दरखास्त फारममा भर्नुपर्ने सम्पुर्ण विवरणहरु भरी आवश्यक कागतजातहरु संलग्न गरी परिक्षा दस्तुर तिरेको रसिद वा भौचरको अर्धकट्टी समेत संलग्न गरी यस नगरपालिकाको कार्यालयमा १५ दिन भित्र पेश गर्नुपर्नेछ।

प्रचलित कानुन बमोजिम रित नपुगेका उम्मेद्धारहरुको दरखास्त उपर कुनै कारबाही हुने छैन।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | किसिम | माग संख्या |
|---|---|---|---|---|---|
| १. | ४/२०८२/८३ | सरसफाईकर्मी | श्रेणी बिहिन | खुला | १ |

१) **आवश्यक न्युनतम योग्यता र अनुभव :**

क) साधारण लेखपढ गर्न सक्नेहुनुपर्नेछ।

ख) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

घ) प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।

२) **तलव, सुविधा तथा अन्य सेवा शर्तः** प्रचलित नियम र करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

३) **उम्मेद्वारको उमेर:** महिलाको हकमा दरखास्त दिन अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको र पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको।

४) **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** माई नगरपालिकाको वेबसाइटबाट दरखास्त फाराम डाउनलोड गरी उक्त फाराम भरी शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरू आफैले प्रमाणित गरी दरखास्त फाराम साथ कार्यालयमा बुझाउनु पर्ने।

चिरञ्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

"स्थानीय प्राकृतिक श्रोत साधनको उपभोगको सुरुवात, यसैबाट सुरु हुन्छ माई नगरपालिकाको समृद्धिको आधार"

५) **परीक्षा दस्तुरः** रू.२००।–

६) **दरखास्त फाराम भर्ने मितिः** मिति २०८२/०९/१८ देखी २०८२/१०/०२ सम्म।

७) **परिक्षाको किसिम** : अन्तर्वार्ता परिक्षा।

८) **आवेदनको साथ संलग्न गर्नुपर्ने कागतजातहरु:**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी

ख) पासपोर्ट साइजको फोटो ३ प्रति।

*परिक्षा सञ्चालन हुने मिति, समय र स्थान पछि प्रकाशन गरिनेछ।*

..........................

**(चिरन्जिवी भट्टराई)**
**प्रमुख प्रशासकीय अधिकृत**

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत